# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

## जिल्ला कार्यालय चितवन

मिति : २०७६/०६/१३

**प्रेस विज्ञप्ति**

नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट मुलुकमा संघीयता, समावेशीता, लोकतान्त्रिक गणतन्त्रसहितको संविधान प्राप्त भएको छ । संविधानले जनताका थुप्रै मौलिक हकहरुको सुनिश्चितता गर्दै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको छ । विचार अभिव्यक्तिको स्वतन्त्रताको नाममा केही समययता सामजिक सञ्जालहरुको प्रयोग अराजकताको पराकाष्ट भएको छ । हाम्रो लामो बलिदानीपूर्ण संघर्षबाट प्राप्त प्रणालीमाथि नै प्रहार गर्ने, विधि विधानलाई चुनौती दिने भीड संस्कृतिको विकास गर्ने दिशातर्फ उन्मूख भएको पाइन्छ ।

केही दिन यतादेखि हाम्रो पार्टीका केन्द्रीय सदस्य एवम् भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालको तस्बिरहरु बिगारी प्रसार गर्ने, अशिष्ट, अभद्र शव्दावलीहरु राखी स्टाटसहरु सम्प्रेषण गर्ने, जीउज्यानको धम्की दिनेजस्ता कार्य श्रृंखलाबद्ध रुपमा भइरहेको घटनाले हामीलाई गम्भीर बनाएको छ । यस प्रकारको घृणित अमानजनक कार्य गरेर हाम्रा नेता कार्यकर्ताको मनोबल गिराउने, जनताको बीच भ्रमको खेती गर्ने जस्ता काम कुनै संगठित समूह वा व्यक्तिले गरिरहेका छन् भन्ने हामीले महसुस गरिरहेका छौं । वर्ग संघर्षका सबै स्वरुपहरु प्रयोगको अनुभव ग्रहण गर्दै शान्तिपूर्ण रुपमा जनताका बीचमा विकास र समृद्धिको मुद्दामात्र लिएर हिँडेको हाम्रो पंक्तिलाई धावा बोल्ने कुरा हाम्रो लागि सैह्य हुन सक्दैन । जुनसुकै छद्मभेषी नामबाट सम्प्रेषण गरिएको भए पनि भ्रामक तथ्यहरु जनताको बीचमा उजागर हुने छ र अपराधीहरु दण्डको कठघरामा उभिनै पर्दछ, उभ्याएरै हामी छाड्दछौं । यसप्रकारको उछृङ्खल, अमानवीय, अपराधजन्य कार्य गर्ने अपराधीहरुको खोजी गरी कडाभन्दा कडा कानुनी कारबाही गर्न सरकारसँग जोडदार माग गर्दछौं ।

(कृष्णभक्त पोखरेल)
सचिव

(यमबहादुर परियार 'इन्द्रजीत')
अध्यक्ष